क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ७९, २०८२ भदौ १६ गते सोमबार (1 Sep., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका

दैनिक

होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ अनुसार,

- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिब देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ ।

त्यसैले अनुमति प्राप्त गर्न:

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं

# गौरा पर्वको संस्कृतिलाई बचाऔं, गौराको गरिमा बढाऔं !



**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १५ भदौ**

गौरा पर्व सुदूरपश्चिमका सात पहाडी जिल्ला र मध्यपश्चिम क्षेत्रका केही जिल्लामा भाद्र महिनामा तिथिअनुसार मनाइने एक महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व हो । यो पर्व गौरा (पार्वती) र भगवान शिव (महादेव) को विवाहको सम्झनामा मनाइन्छ । यस पर्वमा पारिवारिक सुख, समृद्धि, उन्नति तथा पति-सन्तानको दीर्घायुको कामना गरिन्छ ।

बिरुडा पाँच प्रकारका अन्नहरूको मिश्रण हो, जुन भिजाएर पूजाका लागि प्रयोग गरिन्छ र प्रसाद स्वरूप पनि खाइन्छ । बिरुडामा मकै, जौ, गुराँस, केराउ र गहत मिसाइन्छ ।

गौराका लागि तयार पारिने बिरुडा तृतीयाका दिन छान्ने गरिन्छ । चतुर्थीका दिन छानिएको बिरुडा मानामा भरेर देवताको स्थानमा तामाको भाँडोमा भिजाइन्छ । यस्तै, पञ्चमीका दिन गाउँकी सबै दिदीबहिनीहरू फाग गाउँदै धारामा पालैपालो बिरुडा पखाल्छन् । बिरुडा पखालेको दिन नौलाकी गौरा ल्याइन्छ। बिरुडा पखालेको दोस्रो दिन भगवान शिव-पार्वतीको विवाह सम्झेर गौरा भित्र्याइन्छ । देवी गौराको प्रतीक स्वरूप खेतबाट पवित्र घाँस, धान, बलको बोट, साउ, पहेँलो गुबो र तिलको बिरुवा जरैसहित निकालेर राखिन्छ ।

गौरा भित्र्याएको दोस्रो दिन विवाहित महिला व्रत बसेर सप्तमी धागो धारण गर्छन्। अठ्वालीको दिन गौरा पूजनपछि व्रतालु महिलाहरूले पवित्र दुबधागो लगाउँछन्। जसलाई महिलाले अर्को वर्षसम्म घाटीमा धारण गर्छन् । अर्को वर्ष नयाँ गौरा आउँदा पुरानो दुबधागो चढाएर नयाँ दुबधागो फेर्ने चलन छ ।

## पर्वको गतिविधि

गौरा अवधिभर महिलाले शुद्ध खाना खाने, नयाँ-नौला कपडा लगाउने, बिहान-साँझ दीपबत्ती बालेर पूजा गर्ने र साँझपख फाग गाउने, खेल खेल्ने तथा राति अबेरसम्म देउडा खेल्ने गर्छन् । पुरुषहरूले भने ढोलकको तालमा चैत र धमारी खेल्छन् ।

गौरा भित्र्याएको ४/५ दिनपछि गौरा बिसर्जन गरिन्छ।कुनै ठाउँमा दोस्रो दिन, कुनै-कुनै ठाउँमा ४/५ दिनदेखि १०/१२ दिनसम्म पनि गौरा पर्व मनाइन्छ । गौरामा महिलाहरूले डेउडा खेल्छन् भने पुरुषहरूले ठाडो खेल खेल्छन् । जसमा विभित्र देवी- देवताका चरीत्रगाथा लयात्मक ढङ्गले गोलो घेरा बनाएर नाच्दै गाउने गारिन्छ । गौराको मुख्य आकर्षण ढुस्को र धमारी पनि हो । साँझपख देउडा पनि खेलिन्छ । अन्तिम दिन बिहानै महिलाले पूजा गरेर गौरालाई घरबाट निकाल्छन् । चामल, बिरुडा, भेटी, फलफूल चढाएर गौरालाई गोरेखलामा ल्याइन्छ । यहाँ सबैले चैत, फाग, देउडा खेल्दै र माइलो गर्छन् । पुरुषहरूले चढाइएको फल माथिबाट फ्याँक्छन् भने महिलाले भुइँमा खस्न नदिई टिप्ने गर्छन् ।

अन्त्यमा गौरालाई मन्दिर वा पानीको धारामा विसर्जन गरिन्छ । यो दिन कुनै कुनै ठाउँमा ठूलो मेला लाग्ने गर्छ ।

## विश्वास र महत्व

गौरामाताबाट आशीर्वादस्वरूप चाहिएको फल प्राप्त हुने विश्वास छ–सन्तान नहुनेलाई सन्तान, धन नहुनेलाई धन र अन्न नहुनेलाई अन्न प्राप्त हुन्छ भन्ने मान्यता प्राचीनकालदेखि रहिआएको छ ।

यसरी चाडपर्व मनाउँदा आपसी सम्बन्ध घनिष्ठ हुन्छ, मेलमिलाप बढ्छ, आवश्यक पर्दा सहयोग पाउन सजिलो हुन्छ, मित्रता र भाइचाराको सम्बन्ध प्रगाढ बन्छ । साथै यसले आफ्नै कला-संस्कृतिको संरक्षण र प्रवर्धन गर्ने अवसर दिन्छ, जसलाई भावी पुस्तामा सजिलै पुस्तान्तरण गर्न सकिन्छ ।

# महेन्द्रनगर खुला मञ्चमा गौरा महोत्सव

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १५ भदौ**

यस बर्ष ०८२ गौरा पर्वको अवसरमा महाकाली साहित्य संगमले गौरा महोत्सव आयोजना गरेको छ। महेन्द्रनगर खुला मञ्चमा गौरा महोत्सवको उद्घाटन गर्दै सुदूरपश्चिम प्रदेशका पुर्वमुख्यमन्त्री लोक संस्कृति सरक्षण गर्नुपर्नेमा जोडदिएका छन ।

'हाम्रो संस्कृतिमाथि आक्रमण भइरहेको छ, मूल स्वरुप समाप्त हुनेतर्फ अग्रसर छ। त्यसैले सांस्कृतिक सम्पदा जोगाउँदै गौरव बढाउने हेतुले महोत्सव आयोजना गर्न लागिएको हो,' उनले भने, 'गौरा पर्वले परापुर्वकालमा पनि महिलाहरुको शसक्तिकरपणका लागि पार्वतीले आवाज बुलन्द गरेको कुरा पुनतार्जकि गर्ने गर्दछ ।'

रावलले सुदूरपश्चिमको समृद्ध लोकसंस्कृति अझै घरभित्र मात्र सीमित रहेको उल्लेख गर्दै यसलाई समाजमा सकारात्मक रुपमा प्रस्तुत गर्नुपर्ने बताए । गौरा दिदीबहिनी भेट्ने र एकता मिलनलाई पर्वका रुपमा मनाउने परम्परा हाम्रो गौरव रहेको बताउँदै मौलिकता सरक्षण गर्न नयाँ पुस्ता अग्रसर हुनुपर्ने बताए ।

महाकाली साहित्य संगमका अध्यक्ष हरिस प्रसाद जोशीले सम्पदा संरक्षण र सांस्कृतिक गौरवलाई उच्च राख्ने उद्देश्यका साथ यस बर्ष पनि विगत बर्षझै गौरा महोत्सव आयोजना गर्न लागिएको बताए ।

अध्यक्ष जोशीका अनुसार २१ भदौँसम्म संचालन हुने महोत्सवमा गौरा महोत्सवमा लोक परम्परागत ठाडो खेल भारी खेल, दुस्को, धमारी, चाल्ली, औल्याखेल भागलिङ्गा, महिला/पुरुष देउडा, गितीकथा वाचन, लोकसंगीत र वाद्य प्रदर्शन लगायत विविध कार्यक्रम समावेश हुने छन ।

सुप प्रदेश कैलाली, कञ्चनपुरमा महाकाली साहित्य सगमसंगै बेलडाँडी, बेलौरी, पुनर्वास, लालझाडी, कृष्णपुर, शुक्लाफाँटा, बेदकोट, भीमदत्त र दोधाराचाँदनी नगरका विभिन्न गाँउबस्ती मठ मन्दिर सहित गाँउ गाँउहरुमा गौराको रौनक छाएको छ ।




## सुदूरपश्चिम विश्वविद्यालय

केन्द्रीय कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

### स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरणः २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालनः २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रमः २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भः २०८२ कात्तिक तेस्रो हप्तादेखि । |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षाः २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमशः २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार



# चिनियाँ राष्ट्रपति सीसँग ओलीले 'लिपुलेक पास' सम्झौताको विरोध गरेपछि भारतीय मिडियामा सरगर्मी






**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, १५ भदौ**

प्रधानमन्त्री केपी शर्मा ओलीले चिनियाँ राष्ट्रपति सी जिनफिङसँग भारत र चीनबीच लिपुलेक पासबारे भएको सम्झौतामा आपत्ति जनाएपछि भारतीय मिडियामा बहस सिर्जना गरेको छ । भारत-चीनबीच यसअघि २०८० मंसिरमै लिपुलेकको मार्ग प्रयोग गर्ने सहमित भएको थियो । जसमा नेपालको सहभागीता थिएन । पुन: २०८२ भदौ ५ गते नेपालको स्वीकृतिबिनै उनीहरुले लिपुलेक पासको प्रयोगबारे सम्झौता गरेपछि सीमाको विषय फेरि सतहमा आएको हो ।

संयोग कस्तो रह्यो भने यही बेला चीनको सांघाई सहयोग संगठन (एससीओ) र जापानसँगको युद्धको ८० औं वर्षको स्मृति समारोहमा सहभागी हुन प्रधानमन्त्री ओली चीन पुगे । लिपुलेकको उक्त सम्झौताबारे नेपालमा विभिन्न स्तरमा विरोध भएपछि प्रधानमन्त्रीले संसदमा औपचारिक जानकारी नै गराएर चीनका राष्ट्रपति सीसँग भेट्दा उक्त कुराप्रति नेपाल सरकारको दृढ धारणा राख्ने प्रतिवद्धता जाहेर गर्नुपरेको थियो । त्यस्तै, नेपालको परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गरेर लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालको भूमि भएको भन्दै भारत-चीनले नेपालको संलग्नताबिना गरेको सम्झौताको विरोध जनाएको थियो ।

भदौ १४ गते चीनको तियान्जिन पुगेका प्रधानमन्त्री ओलीको त्यहाँ भव्य स्वागत मात्र भएन त्यसको केही समयमै राष्ट्रपति सीसँग उच्चस्तरीय भेटवार्ता भयो । उक्त भेटमा ओलीले भारत र चीनबीच भएको लिपुलेक पासको सम्झौताप्रति आपत्ति जनाएर नेपालमा गरेको प्रतिवद्धता पूरा गरे । उक्त भूभाग ऐतिहासिक दस्तावेज, सुगौली सन्धि र सहमितअनुसार नेपालको भएको र सो कुरा चीनले बुझ्नुपर्ने स्पष्ट अडान राखेको परराष्ट्र मन्त्रालयका सचिव अमृत बहादुर राईले जानकारी दिए । यो खबर नेपालमा यसरी फैलियो कि प्रधानमन्त्री ओलीलाई आभार दिन सामाजिक सञ्जालमा फोटो ट्रेण्ड नै चल्यो ।

नेपालमा एक किसिमको उत्साह र ऊर्जाको सञ्चार भइरहँदा उता भारतमा भने उक्त कुरा पाच्य भएन । त्यहाँका सञ्चारमाध्यमले भारत र चीनबीचको सम्बन्धमा नेपालले अड्को थापेकोसम्म भनेर समाचार प्रकाशित गरे ।

भारतको प्रेस ट्रस्ट अफ इण्डिया (पीटीआई)ले ओलीले सीसँग लिपुलेक पासको विषय उठान गरेको उल्लेख गरेको छ । त्यस्तै, द हिन्दूले नेपालका प्रधानमन्त्री ओलीले सीसँग चीन भारतको लिपुलेक सम्झौताप्रति कडा आपत्ति जनाएको भनेर लेखेको छ । वर्ल्ड इज वान न्यूजले भारत र चीनबीचको

*–बाँकी सामाचार ३ मा*

# सुदुरपश्चिमका गाँउ–गाँउमा गौरा

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १५ भदौ**

सुदुरपश्चिम प्रदेशका गाँउ गाँउमा गौरा पर्व शुरु भएको छ । यस बर्षपनि गत विगतका बर्षहरु जस्तै सुदुरपश्चिममा गौरा पर्व शुरु भएको हो । भाद्रशुक्ल तथा कृष्णपक्षको पञ्चमी तिथिदेखि शुरु हुने बिहीबारदेखि औपचारिक रुपमा पञ्चबिरुडा भिजाएर गौरा पर्व शुरु भएको धार्मिक अगुवाहरुले बताएका छन ।

गौरा पर्व पश्चिम नेपालको सुदूरपश्चिम र भारतको उत्तराखण्ड प्रदेशमा एकसाथ धुमधामका साथ मनाईन्छ । प्राचिन समयमदेखि (नेपाल-भारत)का उक्त क्षेत्रहरुमा बसोबास गर्ने स्थानीयले गौरा पर्वलाई विषेश महत्वका साथ मनाउदै आएको किम्बदन्ती छ ।

यति बेला सुदूरपश्चिम र उत्तराखण्ड प्रदेशमा गौराको रौनक तथा चहलपहल बढ्दै गएको छ । दुई देशका पश्चिमी भेगका नागरिकले मनाउने पर्व समान र एकै प्रकृतिका भएकाले गौरा पर्वलाई दक्षिणी एसियाका (नेपाल(भारत) को सामरिक महत्वका रुपमा लिईन्छ ।

आ-आफ्नो परम्परागत पर्व भएकाले सुदूरपश्चिमेली र उत्तराखण्ड कुमाउ गड्वाल क्षेत्रका स्थानीय गौरा पर्वमा रमाएका छन् । गौरा हुने घर तथा मन्दिरमा स्थानीय दशनार्थीको चहलपहल बढ्दै गएको छ । गौरा पर्व मनाउनेका लागि देश विदेशमा रहेका हिन्दु धर्मालम्बी सुदूरपश्चिमेली तथा कुमाउका स्थानीय घर फर्किएका छन् । सुदूरपश्चिमका दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, कैलाली, डोटी, अछाम, बझाङ्ग र बाजुरमा धुमधामका साथ गौरा मनाईन लागिएको छ ।

गौराको पहिलो दिन पञ्च बिरुडी जस्तै (गहत, गुँरास, कलउ, माँस र गहुँ) लाई शुद्ध तामाका भाँडामा भिजाईन्छ । विवाहित ब्रत बसेका महिलाले मात्रै बिरुडा भिजाउँछन र धुन्छन् । दोस्रो दिन पानीको धारामा लगेर बिरुडा संयुक्त रुपमा धुन्छन् ।, तेस्रो दिन गौरा मन्दिर तथा गौरा हुने घरमा गहना लगाएर महिलाले गौरा भित्राउँछन् । सहुँ, धान र कुस मिलाएर गौरीको आकृति बनाएर व्रत बसेका महिलाले गौरा घर तथा मन्दिरमा राखि पुजा गरिन्छ । गौरालाई कन्याका रुपमा पुजा गर्ने परम्पराछ । सो दिनलाई गौरा भित्राईएको मानिन्छ । चौथो दिन गौरी र महेश्वरको विवाह गराई दुईटै आकृतिलाई एउटै बनाई गौरी (महेश्वरको रुपमा पुजा गर्ने चलन छ । सोही दिनमा अठ्वाली मनाईन्छ । पुजापछि बिरुडा लगायतका फलफुललाई पुरोहित अर्थात पण्डितबाट फट्काईन्छ । जसलाई फलफट्काउने भनिन्छ । पुरुषबाट कपडामा फलफुल राखेर पण्डितको निर्देशनमा फल र बिरुडा आकासतिर फ्याकिन्छ ।



आकासबाट फ्याईएको फल तथा बिरुडाको बेग्लै महत्व हुन्छ । व्रत बसेका महिलाले बिरुडाले महाकाली, महालक्ष्मी र महा सरस्वतीको पुजा गर्दछ । अष्टमिकै दिन व्रत बसेका महिलाले धुवधागो लाउने र बिरुडालाई ग्राहण गर्छन् ।

व्रत बसेका महिलाद्वारा श्रीमानको पुजा गरि फल प्रशाद दिईन्छ । साथै आफन्त, कुटुम्ब र अन्य मान्यजनबाट बिरुडाबाट सिङ्गो शरिर पुजन गर्दछ । पञ्च अन्न रहेको बिरुडालाई पुजनपछि प्रशादका रुपमा घर घरमा ग्रहण गर्ने चलन छ । गौरालाई अठ्वाली अर्थात अष्टमीकै दिन पनि बिर्सजन गरिन्छ । तर, कहिलेकाही शुभ सायत नपरेपछि द्वादसी पुर्णिमासम्म गौरा मनाईन्छ ।

आचार्य घनश्याम लेखकले गौराको धर्म, संस्कृति र संस्कारमा ठुलो महत्व भएको बताए । आचार्य लेखकले सत्य प्राप्तीका लागि प्राचिनकालदेखि नै भगवती गौराको पुजा गरेर गौरा पर्व मनाईने उनले बताए । शिव तथा सत्य प्राप्तीका लागि व्रत बसेर दुग्गधागो लगाएर मन्त्रद्वारा गौराको पुजन गरिने आचार्य लेखकले बताए । हिन्दुनारीले वेदसम्म पढ्ने पाउने गौराकै कारण भएको उनले बताए । आचार्य लेखकले सन्तान र संस्कारका लागि गौरा पर्वको महिमा रहेको बताए ।

पुर्व शिक्षिका एव गौराका उपासक महिला नारा जोशीले गौरालाई आर्थिक, समाजिक, संस्कार संस्कृतिको पर्व भएको बताए । गौरामा सृती परम्परामा आधारित फाग, सगुन, अठ्वाली महिलाले गाउँने गरेको उनले बताए । गौराको एतिहास कुमाउ गड्वालमा लिखितलिपीबद्ध भएपनि नेपालमा अहिले शुरुवात भएको बताए । गौरा परम्परा जोगाउनका लागि महिला सम्वाहक भएको र केहीले गौरालाई रुढिवादी भनेपनि गौराले अथाह महत्व रहेको उनले बताए ।

चार दिनसम्म महिलाले व्रत बसेर मनाईने पर्व महिलामा आधारित भएको उनले पुष्टी गरे । वेद,मन्त्र ऋणवेद सबै महिलाले पढ्ने र बिरुडालाई अन्यमाथी पुजन गरेर चीरकालिन बाँच्नका लागि आर्शिवाद दिने महिला भएको बताए । परिवारमा शान्ति, सुरक्षा, सम्बृद्धिका लागि गौरा महत्वपुर्ण भएको उनको भनाई छ । गौरामा देउडा खेलका साथै परम्परागत पञ्चेबाजामा छलो खेल्ने चलन छ । जसका कारण लोक संस्कृतिको संरक्षणको प्रतिकका रुपमा गौरालाई लिईन्छ ।

गौराको मौका छोपी देउडा धुमधामका साथ देउडा खेलिन्छ ।गौरा शुरुवातसंगै कञ्चनपुरका विभिन्न गाँउबस्तीहरुमा देउडा खेल एव प्रतियोगिता नै गरेर मनाईन्छ । बेदकोट नगरपालिका ६मुसेपानीको गणेश सामुदायिक वनले पनि देउडा प्रतियोगिता राखेको छ । गणेश सामुदायिक वनका अध्यक्ष कृष्ण भण्डारीले संस्कृति सरक्षणका लागि देउडा प्रतियोगिता राखेको बताए ।

# माओवादी केन्द्र बेदकोटको नगर अध्यक्षमा भण्डारी

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १५ भदौ**

नेकपा माओवादी केन्द्र बेदकोट नगरको अध्यक्षमा राजेन्द्र प्रशाद भण्डारी चयन भएका छन । माओवादी केन्द्र बेदकोट नगरको दोस्रो नगर अधिवेशनबाट अध्यक्षमा भण्डारी सर्वसम्मत चयन भएका हुन । भने, कोषाध्यक्षमा बिरेन्द्रराज विष्ट सहितका सदस्य चयन भएका छन । नेकपा माओवादी केन्द्र बेदकोट नगरका निर्वतमान अध्यक्ष ललित परियारले पहिलो चरणमा सदस्यमा सर्वसम्मत भएको र त्यसपछि पदाधिकारी तर्फ अध्यक्ष र कोषाध्यक्षमा सर्वसम्मत भएको बताए । 'अन्य पदाधिकारीहरु तर्फ बढी आँकाक्षी देखिएका छन, 'उनले भने, 'अहिले नेतृत्व सहित दुई पदाधिकारी, सदस्य टुङ्गो लागेको छ, बाँकी पदाधिकारीहरुमा समेत सर्वसम्मत गराउने प्रयास निरन्तर जारीछ ।'

नेकपा माओवादी केन्द्र कञ्चनपुरका इन्चार्ज टेकेन्द्र प्रशाद भट्टको प्रमुख आथित्यमा उद्घाटन भएको अधिवेशनबाट सर्वसम्मत चयन भएका नेकपा माओवादी केन्द्र बेदकोट नगर अध्यक्ष राजेन्द्र भण्डारीले पाटीको नीति, सिद्धान्त अनुरुप जनपक्षीय काम गर्ने प्रतिज्ञा गरेका छन ।

आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

डा. भावेश
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in
Echocardiology Fellowship in
Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ
प्रत्येक दिन

डा. कुलदिप
MBBS, MS (Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)
प्रत्येक दिन




डा. अभिनव कुमार कटियार
M.B.B.S., D.D.V.L
( डर्मोटोलोजी)
छाला, ररौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ
प्रत्येक मंगलबार

डा. योगेश नागेंदर
MBBS, MD,DM
(Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको तेस्रो बिहीबार)

डा. गणेश बी. एल.
M.Ch (Neurosurgery)DELHI
AIIMS (वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो बिहीबार)

चौबिसै घण्टा इमरजेन्सी सुविधा

सुविधाहरू: I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि ।
आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।
लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ ।
सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर
सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५

# चीनमा प्रधानमन्त्री ओली र मोदीबीच भेट



**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, १५ भदौ**

चीन भ्रमणमा रहेका केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भेट भएको छ। उनीहरूबीच तियानजिनमा साइडलाइन भेट भएको हो। दुई समकक्षीबीचको भेटको तस्बिर मोदीले आफ्नो एक्समार्फत सार्वजनिक गरेका छन्। 'तियायानजिनमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट्दा खुसी लाग्यो। भारत-नेपालको सम्बन्ध गहिरो र विशेष छ' मोदीले फोटो राख्दै लेखेका छन्।

मोदीसँगको भेटमा ओली पत्नी राधिका शाक्य पनि सँगै थिइन्। ओली शनिबार चीन भ्रमणमा गएका हुन्। शनिबार नै ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेट गरेका थिए।

चिनिया राष्ट्रपति सि चिनफिङको औपचारिक निमन्त्रणामा सांघाई सहयोग सङ्गठन (एससीओ) को २५ औं शिखर सम्मेलनमा भाग लिन प्रधानमन्त्री केपी शर्मा ओली नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै चीन गएका हुन्। प्रतिनिधिमण्डलमा प्रधानमन्त्री पत्नी राधिका शाक्य, शिक्षा विज्ञान तथा प्रविधिमन्त्री र घुजी पन्त, संस्कृति पर्यटन तथा नागरिक उडड्यनमन्त्री बद्रीप्रसाद पाण्डे, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडा, नेपाली कांग्रेसका उपसभापति तथा सांसद पूर्णबहादुर खडका, नेकपा एमालेका सचिव तथा सांसद छविलाल विश्वकर्मा, परराष्ट्र मन्त्रालयका अधिकारीहरू छन्।

## चनियाँ राष्ट्रपति सीसँग ओलीले...

लिपुलेक सम्झौताविरुद्ध दबाब दिएको भनेर लेखेको छ।

त्यस्तै, लाइभ मिन्टले औपचारिक समाचार लेख्दै नेपालले भारत-चीनको लिपुलेक सम्झौता न कुनै ऐतिहासिक दस्तावेज वा सन्धिसँग सम्बन्धित रहेको भन्दै विरोध जनाएको उल्लेख गरेको छ।

उता नवभारत टाइम्सले त तल्लो स्तरको समाचार प्रस्तुत गरेको छ। उसले शीर्षकमै 'भारत-चीन सम्बन्धमा नेपालको कस्तो आपत्ति भन्दै जिनफिङको सामुन्ने 'बौलाए' ओली, सार्वभौमताको राग सुनाए' भन्दै सामाचार छापेको छ।

त्यसैगरी, जागरणले 'भारत-चीन सम्बन्धमा किन नेपालले विरोध जनाउँदै छ? ओलीले सीसँग यसबारे आपत्ति जनाए' भनेर समाचार बनाएको छ। न्यूज १८ ले 'चीन पुग्नेबित्तिकै नेपालले किन भारतको विरोध गर्न थाल्यो' भनेर समाचार प्रकाशित गरेको छ।

त्यस्तै, जीन्यूज, ईटीभी भारत, ट्रिब्युनलगायतका मिडियाले नेपालले राष्ट्रपति सी सामु उठाएको लिपुलेकको विषयलाई प्राथमिकता साथ प्रकाशित गरेका छन्। उता चीनको विदेश मन्त्रालयले भने औपचारिक सूचना जारी गर्दै नेपालका प्रधानमन्त्रीले राष्ट्रपति सीसँग भेटवार्ता गरेको जनाएको छ। भेटमा दुई देशबीचको ७० वर्षदेखिका कूटनीतिक सम्बन्धदेखि बीआरआई परियोजनाको कार्यान्वयनबारे छलफल भएको भनेर उल्लेख गरेको छ।

चीनले सीसँगको ओलीको उच्चस्तरीय भेटबारेमा ओलीले लिपुलेकको कुरा उठाएको भनेर किन चिनियाँ विदेश मन्त्रालयले उल्लेख नगरेको भनेर समेत प्रश्न उठेको छ।

# पश्चिमी नाकाबाट स्वतन्त्रको एकताको यात्रा सुरु हुँदै, स्वतन्त्र साासद जोशीले उद्घाटन गर्ने

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १५ भदौ**

पश्चिमी सीमा नाकाबाट स्वतन्त्रको एकताको महाकाली मेची यात्रा सुरु हुने भएको छ। समृद्ध राष्ट्र निर्माणका लागि संकल्प अभियान नेपालले मंगलबारदेखि यात्रा गर्न लागेको छ। कञ्चनपुर उद्योग बाणिज्य संघ सभा कक्षमा पत्रकार सम्मेलन गरी यात्राबारे जानकारी दिइएको छ।

महाकाली प्रादेशिक अस्पतालका पूर्व अध्यक्ष कृष्णदत्त जोशी बोक्सर सहित विभिन्न क्षेत्रका अगुवाहरु पत्रकार सम्मेलनमा सहभागी भएका छन्। समृद्ध राष्ट्र निर्माणका लागि संकल्प अभियान नेपालका संयोजक प्रेमराज भट्टले नागरिकलाई स्वतन्त्र बनाउने उद्देश्यले देशभर सन्देश फैलाउन यात्रा गर्न लागिएको बताए।

'स्थानीय नागरिक स्वतन्त्र हुनु पर्छ, तपाई पत्रकार, पत्रिका पनि स्वतन्त्र हुनु पर्छ, कर्मचारी पनि स्वतन्त्र हुनु पर्छ भनेर अभियान गोदावरीमा अभियान चलायौ, त्यसपछि यसलाई देशव्यापी बनाउन पर्छ भनेर यो यात्रा गरि रहेका छौं' पत्रकार सम्मेलनमा उनले भने।

देशमा बढ्दो चरम निराशा, बेथिति, भ्रष्टाचार, कुशासन लगायतका सबै गलत कार्य रोक्न नागरिकहरुले स्वतन्त्र भएर एकजुट हुन पर्ने आवश्यकता भएको भट्टले उल्लेख गरे। देशभर स्वतन्त्रले चुनाव जितेको स्थानीय तहहरुमा अन्यको तुलनामा राम्रो भएको संयोजक भट्टले दाबी गरे। 'हर्क, बालेन, गोपीहरुको काम देखिएको छ, यो निराशमा पनि केही न केही आशा छ' उनले भने।

गड्डाचौकीबाट सुरु हुने अभियान विभिन्न ठाउँमा नागरिकलाई जानकारी दिँदै अघि बढ्ने र कैलालीको चिसापानीमा पहिलो कोण सभा हुने बताइएको छ।



सुदूरपश्चिम प्रदेश सभाका स्वतन्त्र साँसद डा. तारा जोशीले अभियान उद्घाटन गर्ने छन्। उद्घाटन कार्यक्रममा धनगढी उप महानगरपालिकाका मेयर गोपी हमाल लगायतका सहभागी हुने भएका छन्। संसदमा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलहरुप्रति जनताको निराशा बढेकाले देश विकास र समृद्धका लागि नागरिकहरुलाई स्वतन्त्र बनाउने अभियान भएको संयोजक भट्टले बताए।

स्थानीय सरकार पूर्ण रुपमा गैर दलीय हुनु पर्ने पक्षमा आफूहरु भएको भट्टले बताए। राजनीतिक दलभित्रका असल मान्छेलाई पनि अभियान जोडेर अघि बढ्ने उनले बताए। मेचीमा धरान उप महानगर पालिका मेयर हर्क साम्पाङ्गले यात्रा समापन गर्ने जानकारी दिइएको छ।

देशभरका स्वतन्त्र जनप्रतिनिधिसित भेटघाट गर्ने र आगामी चुनावका लागि स्वतन्त्र उम्मेदवार तयार हुने विश्वास अभियान सञ्चालकहरुले लिएका छन्। अभियानका प्रवक्ता धन बहादुर बोगटीले देशमा सबैले राजनीति गर्दा समस्या आएको र देश विकास समृद्धिमा ध्यान दिनु पर्ने बताए।

'देशमा राजनीति गर्ने अधिकार सबैलाई छ, राजनीतिक दल खोल्ने अधिकार छ, सबै जनताले राजनीति गर्ने होइन, यहाँ त हामी सबै राजनीति गर्ने मात्रै भयौ' उनले भने,'अब देशको समृद्धका लागि स्वतन्त्र भएर अघि बढ्न आवश्यक छ।' काठमाडौंका मेयर बालेन शाह र धरानका मेयर हर्क साम्पाङ्गले बजेट समेत ल्याउन नसकेको भन्ने पत्रकारको प्रश्नमा प्रवक्ता बोगटीले संघ र प्रदेश सरकार बाधक भएको बताए।

उनले जनताले मतदातमा विवेक प्रयोग गरी सक्षम र योग्य व्यक्ति छनौट गर्न पर्ने पक्षमा भएको उनले बताए। नेपालको संविधान अनुसार आफूहरु नागरिकलाई स्वतन्त्र बनाउने अभियान लिएर अघि बढेको प्रवक्ता बोगटीले बताए।

पत्रकार सम्मेलनमा महाकाली प्रादेशिक अस्पतालका पूर्व अध्यक्ष जोशीले आफू पनि रजनीतिक दल छाडेर स्वतन्त्र भएको बताए। उनले देश विकास र प्रगति भएको उल्लेख गर्दै सामाजिक न्याय, निःशुल्क शिक्षा, निःशुल्क स्वास्थ्य, रोजगारी लगायतमा जनतालाई सन्तुष्ट नभएको बताए।

सबै नागरिक राजनीतिमा दलमा आवद्ध भएकाले स्वतन्त्रलाई कामकाज गर्न समस्या भएको जोशीको भनाई थियो। अभियानका सह संयोजक राजन खड्काले कार्यक्रम सञ्चालन गरे। कार्यक्रममा मेडिकल व्यवसायी विरेन्द तिवारी, गणेश सिह धामी लगायतका सहभगी भए।

**छानको बालुवा र गिट्टी चाहिएमा।**



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिटटी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं। साथै एकपटक सेवाको मौका दिनुहोस्।

हाम्रा उत्पादनहरु
बेस 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

**सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग**
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सर्म्पक नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

## निर्माण व्यवसायी संघ कञ्चनपुर

### २८ औं वार्षिक साारा सभाको कार्यक्रम सम्बन्धि सूचनाको समय संशोधन गरिएको बारे

निर्माण व्यवसायी संघ कञ्चनपुरको २८ औं वार्षिक साधारण सभाको कार्यक्रम तपशिलको मिति, समय र स्थानमा हुने व्यहोरा यस संघका सम्पूर्ण साधारण सदस्यज्यूहरुलाई यसै सूचना मार्फत जानकारीका लागि अनुरोध गरिन्छ।

**कार्यक्रम**

**मिति** :- २०८२ भदौ २० गते शुक्रबार **समय** : चियापान बिहान ८:०० बजेदेखि ९:०० बजेसम्म
उद्घाटन समारोह : -९:०० बजे **स्थान** : -ममताज पार्टी प्यालेश, भीनपा ३ कञ्चनपुर

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
**डॉ. गणेश बी. एल.**
M.Ch. (Neurosurgery)
(DELHI AIIMS)
वरिष्ठ न्यूरो रोग विशेषज्ञ (8 वर्षों का अनुभव)
क्या आपको सिर, गर्दन एवं कमर में दर्द है ?
खटीमा के पहले एंडोवैस्कुलर ब्रेन एवं स्पाईन रोग विशेषज्ञ
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी

## सुदूरपश्चिम विश्वविद्यालय

केन्द्रीय क्याम्पस

## शिक्षाशास्त्र केन्द्रीय विभाग

**महेन्द्रनगर, कञ्चनपुर**

### स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

*मिति २०८२/०४/२०*

सुदुरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ।

**तपसिलः**

| क.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

**नोटः**
- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र।
- फारम शुल्कः रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्कः रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ।

**आवश्यक प्रमाणपत्रहरुः**
- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ।

**विभागीय प्रमुख**

# पशु क्वारेन्टाइन कार्यालय
## गड्डाचौकी कञ्चनपुर

## सूचना ! सूचना !! सूचना !!!

हालै छिमेकी देश भारतको उत्तराखण्ड प्रदेशको यु.एस. नगर र बागेश्वर जिल्लामा Avian Influenza H5N1 (Highly Pathogenic Avian infulenza ) ) बर्ड फ्लु देखिएको भनी विभिन्न भारतीय सञ्चार माध्यमबाट प्रकाशित भएको र सो स्थान संकटग्रस्त क्षेत्र घोषणा गरि सकेको र उक्त स्थान नेपालको कैलाली र कञ्चनपुर जिल्लाको सीमा क्षेत्रबाट नजिकै पर्ने हुादा उक्त र ोग पन्छीहरुको अति संक्रामक रोथ तथा मानिसमा समेत सर्ने हुँदा उल्लेखित कार्यहरु गर्न गराउन हुन अनुरोध छ ।

**तपशिल**

- स्रोत नखुलेको जिउँदो कुखुरा, चल्ला, मासु, अण्डा अथवा पंक्षीजन्य कुनै पनि वस्तु र ती वस्तुलाई ओसारपसार गरिने विभिन्न माध्यम क्रेट, केज, सवारी साधन आदिलाई पूर्ण निषेध गर्ने गराउने
–त्यस्ता निषेधित पन्छी/पन्छीजन्य उत्पादन तथा अन्य संक्रमित वस्तुलाई नेपालमा बिक्री वितरण नगर्ने/नगराउने
– सम्पूर्ण किसानले आ(आफ्नो फार्ममा आवतवतलाई निषेध गरी जैविक सुरक्षाका विधिलाई कडाईका साथ पालना गर्ने/गराउने
– पंक्षीमा देखिने बर्ड फ्लु रोगका लक्षणहरु जस्तै अत्यधिक मृत्युदर, श्वासप्रश्वासमा समस्या, आाखा नाकबाट पानी जस्तो पदार्थ, सिउर, लोती, खुट्टा निलो रङ्गको हुने जस्ता रोग लागेको लक्षण देखा पर मा वा शंका लागेमा नजिकको पशु सेवा शाखा, पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाइन कार्यालय र पशुपंछी रोग अन्वेषण प्रयोगशाला वा तल उल्लेखित नम्बरमा सिधै सम्पर्क गर्न हुन अनुरोध छ ।

**पुश क्वारेन्टाइन कार्यालय, गड्डाचौकी**
पशु चिकित्सक डा. सजना बम्रेल सम्पर्क नं. ९८५८७७७१३२
इमेल : animalquarentinekanchanpur @gmail.com

**पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढी, कैलाली**
पुश चिकित्सक डा. विशाल चन्द्र सम्पर्क नं. ९८६८५६६०५८, ०९१-५२२१८२
इमेल : rvldhn@gmail.com

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

विगत १२ वर्षदेखि महेन्द्रनगरमा सञ्चालनमा रहेको सु.प. कै उत्कृष्ट कलेज
ADMISSION OPEN!
100% JOB PLACEMENT
+2 HOTEL MANAGEMENT
COMPUTER COMMERCE
SEEमा जुनसुकै ग्रेड आए पनि पढ्न पाईन्छ।
Hotel Management Courses
F & B Service
F & B Production (Cook)
Bartender/Sushi Training
Barista Coffee Training
Housekeeping
50% SCHOLARSHIP FOR GIRLS
Bheemdatt-18, Janakitole (Near Florida School) Mahendranagar, Kanchanpur
099-520086, 9848857933, 9865691710
APEX GODAWARI ACADEMY



Admission Open for BBS
Apply Now!
Spot Entrance
Form Distribution: From 2082/04/20
Class Started: From 2082/05/11
Features
- Experienced Faculty
- Digital Classroom
- Job Placement Support
- Well-equipped Computer Lab
- Huge Scholarship
- Well Furnished Reading Room
- Pure Drinking Water
- Health Checkup, Change Room
- Sports
- Huge Seminar Hall
- ECA & CCA
- Job Placement Support
- Internship
- Free Wi-Fi Zone
- CCTV Surveillance
- 24/7 Security Guard on Duty
Scholarship
- 100% to Board Topper
- 100% to who secure "A+" grade in NEB
- 100% to youngest student of 3 brothers and sisters of same parents
- 50% to the student who are sisters and brothers of same parents
- 50% to Orphans
- 20% to the Female
- 20% to the students from Baitadi, Dadeldhura, Darchula, Achham, Bajhang, Bajura, Doti
- 20% to Dalit, Janajati, Aadibasi
- 20% to who secure "A" and "B+" grade in NEB
Limited Seat
Kanchan Vidhya Mandir Samudayik College
Bheemdatta-04, Bankhet, Kanchanpur
Cont. 099521129, 522135, 521392, 9848720408, 9848720409, 9848741711



# सुदूरपश्चिम विश्वविद्यालय
## विज्ञान तथा प्रविधि संकाय
## कम्प्यूटर विज्ञान तथा सभा प्रविधि केन्द्रीय विभाग
## महेन्द्रनगर कञ्चनपुर

## सेमेष्टर प्रणाली अन्तर्गत चार वर्षे स्नातक तह B.Sc. CSIT र BIT कार्यक्रमको २०८२ सालको नयाँ भर्ना सम्बन्धि सूचना ।

मिति : २०८२/०४/२३ गते

यस सुदूरपश्चिम विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकाय अन्तर्गत सेमेष्टर प्रणाली अनुसार पठन-पाठन हुने विभाग तथा सम्बन्धित क्याम्पसमा स्नातक तहमा **B.Sc.CSIT** र **BIT** प्रथम सेमेष्टरमा भर्ना हुन इच्छुक विद्यार्थीहरुका निमित्त शैक्षिक सत्र २०८२/०८३ को लागि निम्नानुसारको भर्ना कार्यक्रम प्रकाशित गरिएको छ ।

**भर्ना/प्रवेश परीक्षा सम्बन्धि कार्यक्रम**

१. **आवेदन फारम वितरण** : २०८२ साल साउन १५ गते देखि भाद्र २५ गते सम्म विभागको कार्यालयमा आवेदन फारम भर्न सकिने छ ।
२. **प्रवेश परीक्षा शुल्क** : रु १,५००।- (परीक्षार्थीले प्रवेश परीक्षा शुल्क सु.प.वि.वि.कम्प्युटर विज्ञान तथा सूचना प्रविधि विभागको नेपाल बैंक लि. मा रहेको चल्ती खाता नं. १५६००१०६५२६३४८००००५ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नुपर्नेछ ।)
३. **प्रवेश परीक्षा** : **B.Sc.CSIT** २०८२ साल असोज ०१ गते **समय : दिउँसो १:00 बजे**
**BIT** २०८२ साल असोज ०१ गते **समय : बिहान ११:00 बजे**
४. **परीक्षा हुने स्थान** : कम्प्युटर विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभाग
५. **नतिजा प्रकाशन** : २०८२ असोज ०३ गते
६. **भर्ना कार्यक्रम** : २०८२ असोज ५ गते देखी
७. **कक्षा संचालन** : २०८२ कार्तिक २३ गते देखि

नोट :
**B.Sc.CSIT** मा भर्नाका लागी विज्ञान विषय लिई कक्षा +2 उर्त्तिण (प्रत्येक बिषयमा C ल्याएको हुनुपर्ने), Diploma in computer engineering उर्त्तिण (प्रत्येक बिषयमा C ल्याएको हुनुपर्ने ।
**BIT** को हकमा कक्षा १२ मा न्यनतम D ग्रेड (1.8 CGPA) ल्याई जुनसुकै संकायबाट अध्ययन गरेको भएपनि न्युनतम १०० पूर्णाङ्को गणित वा कम्प्युटर विज्ञान विषय अध्ययन गरेको हुनुपर्ने छ ।

कर्ण देव भट्ट/विभागीय प्रमुख

# सुदुरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस
## व्यवस्थापन विभागको प्रवेश परीक्षा सम्बन्धी सुचना

मिति : २०८२।०४।१८

सुदुरपश्चिम विश्वविद्यालयको केंद्रीय क्याम्पस व्यवस्थापन केन्दीय विभागमा स्नातक तहका (BBA , BHM र BBS) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२।०८३ मा नयाँ विद्यार्थी भर्नाका लागि सञ्चालन हुने प्रवेश परीक्षाको कार्यक्रम निम्नानुसार रहेको सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | आवेदन फाराम वितरण | आवेदन फाराम बुझाउने अन्तिम मिति | प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय |
|---|---|---|---|
| BBA | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २५ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ८:०० बजे |
| BHM | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:०० बजे |
| BBS | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:०० बजे |
| भर्नाका लागि न्युनतम शैक्षिक योग्यता | BBA र BHM शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा कम्तीमा D ग्रेड सहित न्युनतम 1.8 CGPA प्राप्त गरेको । (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा कम्तीमा D+ ग्रेड सहित न्युनतम 1.8 CGPA ल्याएको),प्रविणता प्रमाणपत्र तहको हकमा न्युनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको र BBS शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा न्युनतम D ग्रेड ल्याएको (राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा न्युनतम D+ ग्रेड ल्याएको) वा न्युनतम द्वितीय श्रेणीमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्ने छ । | | |
| प्रश्नपत्रको सरचना | १०० पूर्णाङ्क, समय : १ घण्टा ३० मिनेट र Verbal Ability,Quantitative Ability, General Awareness, Logical Reasoning,Business and Economics सम्बन्धी १०० वटा बस्तुगत प्रश्नहरु । | | |

नोट : BBA र BHM का हकमा रु १५०० र BBS का हकमा रु ५०० प्रवेश परीक्षा शुल्क नेपाल बैंक लि मा रहेको यस विभागको खा.नं. 15600106688945000001 मा जम्मा गर्नुपर्ने छ । कक्षा १२ को परीक्षाको नतिजाको प्रतिक्षामा रहेका विद्यार्थीहरु समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । प्रवेश परीक्षा र भर्ना सम्बन्धी थप जानकारीको लागि व्यवस्थापन केन्द्रीय विभाग महेन्द्रनगरमा सम्पर्क गर्न सकिनेछ ।

विभागीय प्रमुख
व्यवस्थापन केन्द्रीय विभाग
सु.प.वि. महेन्द्रनगर

# सुदुरपश्चिम विश्वविद्यालय
## मानविकी तथा सामाजिकशास्त्र संकाय
## डीनको कार्यालय

## स्नातक तहको प्रवेश परीक्षा र भर्ना सम्बन्धि सूचना।

मिति: २०८२/०४/२१

सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तह तर्फ Bachelor of Arts (BA) र Bachelor of Computer Application (BCA) शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/०८३ का लागि विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग र तोकिएका शैक्षिक कार्यक्रमको स्वीकृति प्राप्त विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा नयाँ विद्यार्थी भर्नाका लागि निम्नानुसारको भर्ना कार्यक्रम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | BA | BCA |
|---|---|---|
| प्रवेश परीक्षा फाराम वितरण | २०८२ श्रावण २१ गतेदेखि | २०८२ श्रावण २१ गतेदेखि |
| प्रवेश परीक्षा फाराम बझाउने अन्तिम मिति | २०८२ भाद्र ३१ गतेसम्म | २०८२ भाद्र २७ गतेसम्म |
| प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय | २०८२ असोज २ गते विहान ११:३० बजेदेखि | २०८२ भाद्र ३० गते विहान ११:३० बजेदेखि |
| प्रवेश परीक्षा आवेदन शुल्क | रु. १०००।- | रु. १५००।- |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | २०८२ असोज ३ गते | २०८२ असोज १ गते |
| भर्ना अवधि | BCA शैक्षिक कार्यक्रमको हकमा प्रवेश परीक्षाको नतिजामा उल्लेख भए अनुसार र BA शैक्षिक कार्यक्रमको हकमा २०८२ कार्तिक १६ गतेसम्म | |
| अभिमुखीकरण कार्यक्रम | २०८२ कार्तिक १२ गतेदेखि १६ गतेसम्म सम्बन्धित विभाग क्याम्पसले तोकेको मितिमा | |
| कक्षा सञ्चालन | २०८२ कार्तिक १७ गतेदेखि | |
| भर्नाका लागि न्यूनतम शैक्षिक योग्यता | BCA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा D ग्रेड सहित न्यूनतम १.८ CGPA प्राप्त गरेको (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पूर्वको नतिजा अनुसार C ग्रेड सहित न्यूनतम २ CGPA प्राप्त गरेको), प्रविणता प्रमाणपत्र तहको हकमा न्यूनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको । BA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | |

पुनश्च : कक्षा १२ को पुरक परीक्षामा सहभागी हुने विद्यार्थीहरू समेत भर्नाको समयमा न्यूनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा BA शैक्षिक कार्यक्रम अन्तर्गत प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । थप जानकारीका लागि मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर/विश्वविद्यालयका आंगिक क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ।

प्रा. डा. राजेन्द्र प्रसाद भट्ट
डीन

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादक: **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादक: **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादक: **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादक: स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादक: **नृगबहादुर शाह**
कार्यालय: गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोन: ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेल: westnepaldaily@gmail.com, मुद्रक: जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७